# चौविसे गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

राजारानी, धनकुटा

### 4WD जिप खरिद कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७४/०९/२२ गते**

**ठेक्का न. ०२-०७४।०७५**

यस गाउं कार्यपालिकाको आ.ब. ०७४/०७५ को स्विकृत वार्षिक कार्यक्रम तथा बजेट अन्तर्गत तपसिलको 4WD जिप फुल अप्सन थान १(एक) खरिद गर्ने कार्य बोलपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले नेपाल सरकार बाट इजाजत प्राप्त अधिकृत बिक्रेता तथा फर्महरूबाट निम्न शर्तहरूको अधिनमा रही शिलबन्दी बोलपत्रको माध्यम बाट बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू**

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन सम्मको कार्यालय समय भित्र नेपाल सरकारबाट इजाजत प्र-प्त अधिकृत विक्रेता तथा फर्महरूवाट चालु आ.व.को लागि नविकरण भएको ईजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र, स्थायी लेखा प्रमाण पत्र, मू.अ.कर दर्ता प्रमाण पत्र, आ.व. २०७३।७४ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, कालो सूचीमा नपरेको स्वयं घोषणा पत्र संलग्न गरी रू.१०।- को टिकट टांसी, बोलपत्र फारमको आवश्यक राजश्व दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई यस कार्यालयवाट प्राप्त गर्न सकिने छ ।

२. शिलबन्दी बोलपत्र साथ चौविसे गाउंपालिका, राजारानीको नाममा राष्ट्रिय वाणिज्य वैंक, धनकुटा शाखामा रहेको धरौटी खाता न. २०१०३०३००७१०४ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त बैंक बाट चौविसे गाउंपालिका, धनकुटाको नाममा जारी भएको कार्य प्रयोजन एवं ठेक्का नम्बर अनिवार्य रूपमा उल्लेख भएको बोलपत्र जमानत पत्र (बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ९० दिन सम्म म्याद भएको) पेश गर्नु पर्नेछ । बैंक मार्फत बोलपत्र जमानत पेश गर्नेहरूको हकमा कार्यालयबाट निर्दिष्ट गरिएको बोलपत्र जमानत फारम अनुसारनै पेश भएको जमानत मात्र मान्य हुनेछ ।

३. बोलपत्र फाराममा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरी यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा वूझाउनू पर्नेछ ।

४. बोलपत्र खोल्ने कार्य माथि विवरणमा उल्लेखित समयमा उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्र खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि तोकिएको समय र मितिमा बोलपत्र खोलिने छ । बोपलपत्र फाराम खरिद गर्ने तथा दाखिला गर्ने र खोल्ने दिन विदा परेमा सो कार्य सो को भोलिपल्ट सोही समयमा हूनेछ ।

५. सवारी साधन कार्यालयको टेक्निकल स्पेशिफिकेशन वमोजिमको हूनू पर्नेछ । सवारी साधनको टेक्निकल स्पेशिफिकेशन सहितको सक्कल क्याटलक बोलपत्र साथ समावेश गरी Servicing, Warranty आदि सम्वन्धमा समेत खुलाउनू पर्नेछ ।

६. यस कार्यालयबाट प्राप्त गरेको बोलपत्र फाराममा उल्लेखित सवारी साधनको प्रति इकाइ दरभाउ अंक र अक्षर दूवैमा स्पष्ट खूलाउनू पर्नेछ । अंक र अक्षरमा फरक दर भएको पाईएमा अक्षरमा उल्लेखित दरलाई मान्यता दिईनेछ ।

७. म्याद नाघि आएको वा रित नपूगेको वा विभिन्न शर्त उल्लेख गरिएको बोलपत्र उपर कूनै कारवाही हूने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सूरक्षित रहने छ ।

८.एक व्यक्ति वा फर्मको नाममा खरीद गरिएको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

९. यस सुचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संशोधन सहित) तथा नियमावली २०६४ (संशोधन सहित) तथा प्रचलित स्थानीय तह कानून बमोजिम हुनेछ ।

**तपसिल**

| सि. नं | ठेक्का नं. | विवरण | धरौटी रकम रू. | फाराम दस्तुर रू. |
|---|---|---|---|---|
| १. | २/०७४/०७५ | Hard Top Jeep 4WD फुल अप्सन (न्युनतम २००० सिसि) थान १ (एक) | १,५०,०००।० | ३०००।० |

चौविसे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय राजारानी धनकुटा

प्रमुख प्रशासकीय अधिकृत